bhanjyangnews.com
वि.सं. २०३९ सालदेखि निरन्तर प्रकाशित
भञ्ज्याङ
राष्ट्रिय दैनिक
BHANJYANG NATIONAL DAILY

सुपथ मुल्यमा पुर्वेली, पाल्पाली ढाकाटोपी, साडी, ब्याग आदि चाहिएमा हामीलाई सम्झनुहोस् ।
निखिल ढाका कपडा एण्ड सटिङ्ग सुटिङ्ग उद्योग
व्यास-१, २, दमौली । सम्पर्क : ९८४१८०००६१, ९८०६६७३३४४

साथै, इण्डियन, चाइनिज, नेपाली तथा ढाकाको कोट, सुट, दौरासुरुवाल, रेडिमेट तथा अर्डर अनुसार तयार गरिन्छ ।


वर्ष ४० अंक ११६ | २०७८ भदौ ०९ गते बुधबार, नेपाल सम्वत् ११४१ August 25, 2021 | पृष्ठ ४ | मूल्य : रू. ५/-

# व्यासले ४९ विद्यालयलाई प्रविधिमैत्री बनाउने

## २५ जनासम्म रहने गरी विद्यालयमा प्रत्यक्ष कक्षा चलाउने तयारी

**भञ्ज्याङ समाचारदाता**/दमौली

तनहुँको व्यास नगरपालिकाले प्रविधिमैत्री शिक्षालाई जोड दिएको छ । नगर कार्यपालिकाको मंगलबार बसेको बैठकले विद्यालयलाई प्रविधिमैत्री बनाउन आर्थिक सहयोग गर्ने निर्णय गरेको छ। बैठकले प्रस्ताव पेश गर्ने ४९ विद्यालयलाई प्रविधिमैत्री कार्यका लागि प्रति विद्यालय एक लाख रूपैयाँका दरले रकम उपलब्ध गराउने निर्णय गरेको हो ।

यस्तै, बैठकले अनलाइन कक्षा सञ्चालन हुन नसकेका खण्डमा २५ जनाभन्दा बढी विद्यार्थी कक्षामा नरहने गरी स्वास्थ्य मापदण्ड पालना गर्दै भदौ १३ गतेदेखि प्रत्यक्ष कक्षा सञ्चालन गर्न जिल्ला जोखिम व्यवस्थापन समितिमा सिफारिस गरी पठाउने निर्णय गरेको प्रवक्ता एवं वडाध्यक्ष मोहन कुमार श्रेष्ठले जानकारी गराएका छन् ।

कार्यपालिका बैठकले प्रधानमन्त्री रोजगार कार्यक्रमका लागि रू. २५ लाख बिनियोजन गर्ने निर्णय गरेको छ । नगरका ५ वडा वडामा प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तरगत प्रस्तावित कार्य गर्नको लागि उक्त रकम




विनियोजना गरिएको छ । नगरप्रमुख बैकुण्ठ न्यौपानेको अध्यक्षतामा बसेको बैठकले वडा नं ६, १०, ११, १३ र १४ मा उक्त कार्यक्रम सञ्चालन गर्ने गरी रकम विनियोजन गरिएको प्रवक्ता श्रेष्ठले जानकारी गराए ।

यस्तै, व्यासनगर समता आवासीय विद्यालयको व्यवस्थापनमा भएका कार्य प्रगतिका बारेमा बैठकमा जानकारी गराइएको थियो । नगरपालिका भित्रका स्नातक उत्तीर्ण बेरोजगार महिलालाई उद्यमशीलता अनुदान उपलब्ध गराउन भदौ महिना भित्र वडाको सिफारिस सहित पेश गर्न समेत आग्रह गरिएको छ ।

नेपाल सरकारबाट जारी भएको कोभिड–१९ संक्रमण जोखिम नियन्त्रणका लागि स्मार्ट लकडाउन सम्बन्धी कार्यविधी २०७८ बमोजिम जोखिम क्षेत्रको बिश्लेषण गरी लकडाउन गर्ने निर्णय बैठकले गरेको छ । विपद्बाट असर पुगेका खेत, कुलो, घर लगायतका बिषयमा प्राप्त वडागत प्रतिवेदन छलफल गरी पुनःस्थापना कार्यमा वडाको सिफारिसको आधारमा बिपद्बाट असर पुगेका लाभग्राहीलाई राहत उपलब्ध गराउने समेत बैठकले निर्णय गरेको बताइएको छ ।

कोभिड–१९ को संक्रमण पहिचान गर्न पिसिआर परीक्षण सम्बन्धी प्रयोगशाला प्रयोगमा ल्याउन जनशक्तिको व्यवस्थापन गर्ने प्रक्रिया अघि बढेको र २५ बेडको कोभिड व्यवस्थापन अस्पताल भवन निर्माण टेण्डर प्रक्रियामा अघि बढेको बैठकमा जानकारी गराइएको थियो। यस्तै, कोभिड–१९ को परीक्षण कार्य र नेपाल सरकारको नीतिगत प्रक्रियामा खोप लगाउने कार्य व्यवस्थित गर्ने, आम नगरबासीलाई सचेत भई सावधानी अपनाउन बैठकले अनुरोध गरेको छ ।

# क्रियाशील सदस्यता विवाद टुंगिएसंगै कांग्रेस महाधिवेशनमा अग्रसर

**भीष्मराज ओझा**/काठमाडौं

नेपाली कांग्रेसमा लामो रस्साकस्सीपछि पार्टीको १४औं महाधिवेशनका लागि क्रियाशील सदस्यता विवाद टुङ्गिएको छ । क्रियाशील सदस्यतासम्बन्धी बाँकी कार्य सम्पन्न गरी त्यसको प्रतिवेदन सोमबार पार्टी सभापति शेरबहादुर देउवा र वरिष्ठ नेता रामचन्द्र पौडेललाई बुझाइएको छ । प्रधानमन्त्री एवं सभापति देउवाको निजी निवास बूढानीलकण्ठमा क्रियाशील सदस्यताको बाँकी विवाद समाधानका लागि जिम्मेवारी तोकिएका नेताहरूका तर्फबाट पूर्वमहामन्त्री कृष्णप्रसाद सिटौलाले प्रतिवेदन बुझाउनु भएको हो । क्रियाशील सदस्यताको बाँकी विवाद मिलाउन पार्टीले नेता सिटौलासहित केन्द्रीय सदस्यद्वय डा मीनेन्द्र रिजाल र रमेश लेखकलाई जिम्मेवारी प्रदान गरेको थियो ।

क्रियाशील सदस्यतालाई अन्तिम रूप दिएसँगै यही भदौ १८ गते तोकिएको कांग्रेसको गाउँ/नगर वडा अधिवेशन सुनिश्चित भएको छ । नेता कार्यकर्ताहरू अधिवेशनका लागि जिल्ला र गाउँ जान सुरू भइसकेको छ । नौ



लाखको हाराहारीमा रहेका कांग्रेस क्रियाशील सदस्य पार्टीको गाउँ/नगर वडा अधिवेशनका मतदाता हुन । क्रियाशील सदस्यहरूले आफ्नो वडा समिति र क्षेत्रीय प्रतिनिभिको चयन गर्ने विधानमा उल्लेख छ ।

सभापति देउवाले क्रियाशील सदस्यता विवरणमा हस्ताक्षर गरेपछि प्रतिवेदन पार्टीको केन्द्रीय निर्वाचन समितिलाई हस्तान्तरण हुनेछ । निर्वाचन समितिले क्रियाशील सदस्यताको विवरण प्राप्त गरेलगत्तै एक/दुई दिनभित्र सम्पूर्ण जिल्लामा पु-याइसक्ने समिति संयोजक महादेवप्रसाद यादवले राससलाई जानकारी दिनुभयो । समय कम भएकाले समितिले स्थल र हवाई यातायातका साथै कतिपय हिमाली जिल्लामा हेलिकोप्टर समेत प्रयोग गर्ने उहाँले बताउनुभयो ।

निर्वाचन समितिले क्रियाशील सदस्यता नामावली सूची, पार्टीको विधान र नियमावली, निर्वाचन निर्देशिका, अधिवेशनमा निर्वाचित हुने सदस्यलाई प्रदान गर्ने प्रमाणपत्रसहितको बण्डल प्रत्येक जिल्ला सदरमुकाममा वडा अधिवेशनको कम्तीमा एक साता अघि र त्यसको दुई दिनभित्र प्रत्येक वडामा पु-याउने लक्ष्य राखेको छ । उक्त सबै सामग्री छपाइको सम्पूर्ण काम सम्पन्न भइसकेको र सबै वडा तथा निर्वाचन समितिका लागि करिब सातदेखि आठ हजारको बण्डल बनाएर देशभर पठाइने उहाँले बताउनुभयो । समितिले तराई र सुगमका ४१ जिल्लामा योजना अनुसारको निर्धारित

बाँकी तेस्रो पेजमा

# २०७५ जेठ २ मा फर्कियो एमाले, ७ सदस्यीय कार्यदल गठन

## मंसिर दोश्रो साता दशौ महाधिवेशन

**भञ्ज्याङ समाचारदाता**/काठमाडौं

नेकपा एमाले स्थायी कमिटी बैठकले दशबुँदे सहमति कार्यान्वयन गर्ने निर्णय गरेको छ। पूर्वप्रधानमन्त्री माधवकुमार नेपाल छोडेका दश स्थायी कमिटी नेताहरू सहित बसेको बैठकले जना स्थायी कमिटी सदस्यहरू समेत सहभागी भएको स्थायी कमिटी बैठकले १० बुँदे सहमति अनुमोदन गर्दै कार्यान्वयनका लागि कार्यदल बनाएको छ ।

साथै महाधिवेशन र विधान सम्मेलनको मिति समेत तोकेको प्रवक्ता प्रदीप ज्ञवालीले जानकारी



बैठक पछि सामुहिक तस्विरमा नेताहरू । *तस्विर : भञ्ज्याङ*

दशबुँदे सहमति कार्यान्वयन गर्ने निर्णय गरेको हो । निर्णयअनुसार एमाले पार्टी संरचना ०७५ जेठ २ गते अगाडिको अवस्थामा क्रियाशील हुने सचिव प्रदीपकुमार ज्ञवालीले जानकारी दिए । १० प्रतिशत केन्द्रीय सदस्य मनोनयन, विभागहरूको पूर्णता दिने लगायत प्रयोजनका निम्ति सात सदस्यीय कार्यदल बनाइएको छ ।

कार्यदलमा उपाध्यक्ष भीम रावल, महासचिव ईश्वर पोखरेल, उपमहासचिवहरू विष्णुप्रसाद पौडेल र घनश्याम भुसाल, स्थायी कमिटी सदस्य सुरेन्द्र पाण्डे र लेखराज भट्ट रहेका छन् ।

यस्तै, नेकपा एमालेले दशौं राष्ट्रिय महाधिवेशन आगामी मंसिर दोस्रो साता गर्ने भएको छ । माधवकुमार नेपाल समूहमा रहेका, तर नयाँ पार्टीमा नगएका १० दिए । उनका अनुसार मंसिर १०, ११ र १२ गते पार्टीको दशौं राष्ट्रिय महाधिवेशन गर्ने निर्णय भएको छ। त्यसअघि कात्तिक ६ गते वडा र ९ गते पालिका अधिवेशन हुनेछ ।

त्यसअघि असोज ४, ५ र ६ गते विधान अधिवेशन हुने छ । विधान महाधिवेशनमा प्रस्तुत हुने दस्तावेजबारे छलफल गर्न भदौ २५ र २६ गते स्थायी कमिटी र २७ र २८ गते केन्द्रीय कमिटी बैठक बोलाउने निर्णय भएको ज्ञवालीले जानकारी दिए ।

असोज मसान्तसम्म सदस्यता नवीकरण गर्ने पनि स्थायी कमिटी बैठकले गरेको छ । २०७५ जेठ २ गतेमा कायम रहेका सदस्यहरू, त्यसपछि थप भएका र एकता प्रक्रियामा आएका कार्यकर्ताको पनि सदस्यता नवीकरण गरिने प्रवक्ता ज्ञवालीले जानकारी दिए ।

# गण्डकीमा ६५४ जना संक्रमणमुक्त

**भञ्ज्याङ समाचारदाता**/दमौली

गण्डकी प्रदेशमा पछिल्लो २४ घण्टामा ६५४ व्यक्ति कोरोना संक्रमणमुक्त भएका छन् । यस अवधिमा प्रदेशमा कोरोना संक्रमण हुनेको संख्या ३७४ पुगेको छ भने चार जनाको संक्रमणका कारण मृत्यु भएको छ । मृत्यु हुनेमा तीन जना स्याङ्जाका र एक जना कास्कीका रहेका स्वास्थ्य निर्देशनालय, गण्डकी प्रदेश आपत्कालीन कार्य सञ्चालन केन्द्रका संयोजक नवराज शर्माले जानकारी गराए । उनका अनुसार मृत्यु हुनेमा स्याङ्जाको वालिङ नगरपालिका–८ का ७२ वर्षीया वृद्धा, भिरकोट नगरपालिका–३ का ७५ वर्षीया वृद्धा र आँधीखोला गाउँपालिका–५ का ५९ वर्षीया महिला हुन् ।

त्यस्तै कास्कीको पोखरा महानगरपालिका–१० का ७९ वर्षीय पुरूषको कोरोना संक्रमणका कारण मृत्यु भएको छ । यीसँगै प्रदेशमा कोरोना संक्रमण भई मृत्यु हुनेको संख्या एक हजार २४७ पुगेको गण्डकी प्रदेश स्वास्थ्य निर्देशनालयले जनाएको छ ।

वि.सं. २०३९ देखि निरन्तर प्रकाशित
भञ्ज्याङ राष्ट्रिय दैनिक
तपाई जहाँ भएपनि अब हामी तपाईंकै साथ र हातमा
ANDROID APP ON Google play
Bhanjyangnews
Bhanjyang Daily
@bhanjyangdaily
News/Media Website
Follow
भञ्ज्याङ दैनिक
@bhanjyangdaily
www.bhanjyangnews.com
YouTube Bhanjyang Daily
Contact : 065-560907
E-mail : bhanjyangdml@gmail.com

## सम्पादकीय ............

# निषेधाज्ञा र कोभिड संक्रमण

गत वैशाख २३ गतेबाट जारी निषेधाज्ञा जारी छ । कोरोना भाइरस संक्रमण रोकथाम तथा न्यूनिकरणका लागि भन्दै जारी गरिएको निषेधाज्ञा खुकुलो बनाउँदै लगिएको छ । स्थानीय प्रशासनले तनहुँमा भदौ १५ गतेसम्म लकडाउनलाई निरन्तरता दिएको छ । जिल्ला संकट व्यवस्थापन केन्द्रले सोमबार राती १२ बजेदेखि अन्त्य भएको निषेधाज्ञालाई १५ गतेसम्म लम्ब्याउने निर्णय गरेसंगै प्रशासन कार्यालयले त्यसलाई कार्यान्वयनमा ल्याएको छ । यस अगाडि बिहान ५ देखि १० बजेसम्म खुल्दै आएका खाद्यान्न तथा तरकारी पसल अब बिहान ५ देखि ११ बजेसम्म खुल्नेछन् । त्यस्तै अन्य व्यवसाय बिहान ११ बजेदेखि ६ बजेसम्म खुल्दै आएकामा अब १२ बजेदेखि ६ बजेसम्म खोल्न दिइने भएको छ । सार्वजनिक तथा निजी सवारी साधनलाई जोर-बिजोर लागू गरिएको छ । जोर दिन जोर नम्बर र बिजोर दिन बिजोर नम्बरका सवारी साधन सञ्चालन गर्ने भनिएपनि यो कत्तिको कार्यान्वयन हुन्छ त्यो भने यसै भन्न सकिने अवस्था छैन । जिल्लामा बिहान ६ देखि साँझ ६ बजेसम्म सार्वजनिक सवारी साधन सञ्चालनको अनुमति दिइएको छ । स्थानीय प्रशासनले निषेधाज्ञालाई खुकुलो बनाउँदै लगेपछि नागरिक स्तरबाट लापरवाही समेत बढेको छ । लापरवाहीका कारण जिल्लामा कोरोना भाइरस संक्रमितको संख्या दैनिक थपिदै गएका छन् । संक्रमितको संख्या घट्ने बढ्ने गरेको छ । संक्रमणको अवस्थालाई हेर्ने हो भने जिल्लाको भानु नगरपालिका, व्यास नगरपालिका, शुक्लागण्डकी नगरपालिका र म्याग्दे गाउँपालिका बढी जोखिममा रहेको देखाइएको छ । स्वास्थ्य कार्यालय तनहुँको तथ्याङ्क अनुसार यी पालिकाहरूमा २५ देखि १५० को हाराहारिमा सक्रिय संक्रमित रहेका छन् ।

यस्तै, संक्रमणको अवस्थालाई ख्याल गर्दै प्रशासन कार्यालयले अब जिल्लामा स्मार्ट लकडाउनको तयारी समेत गरेको छ । स्थानीय तहमा कोभिड संक्रमणको जोखिमलाई हेरेर स्थानीय तहको सिफारिसबमोजिम स्मार्ट लकडाउन गर्ने योजना प्रशासन कार्यालयले बनाएको छ । सरकारले गत साउन १५ गते जारी गरेर भदौ १ गतेदेखि लागू हुने गरी स्मार्ट लकडाउन कार्यविधि लागू गरेसंगै जिल्लामा पनि त्यो कार्यविधि अनुसार अबको निषेधाज्ञा कार्यान्वयनमा ल्याउने तयारी गरेको छ । संक्रमण, मृत्यु, अस्पतालको पूर्वाधार, जनस्वास्थ्य मापदण्ड कार्यान्वयनको अवस्थालाई हेरेर कार्यविधिमा चार रङमा विभाजन गरिएको छ । जसमा रेड, एम्बर, एल्लो र ग्रीन जोनमा विभाजन गर्ने कार्यविधिमा उल्लेख छ । सोही कार्यविधि अनुसार जिल्लाका पालिकाको संक्रमणको अवस्थालाई अध्ययन गरी लकडाउन गरिने भएको छ । यस्तै, संक्रमितको संख्या ६५ प्रतिशतभन्दा माथि भए रेड जोन, ३१ देखि ६५ प्रतिशत भए एम्बर, १६ देखि ३० प्रतिशतमा भए पहेँलो संकेतमा सफ्ट लकडाउन, १५ प्रतिशतभन्दा कम भए हरियो अर्थात् मिनीमल लकडाउनको नियम ल्याइएको छ । तनहुँमा मंगलबारसम्म सक्रिय संक्रमितको संख्या ३६७ रहेको छ । गत वैशाखयता तनहुँका चार हजार ९१४ जनामा संक्रमण भएको छ भने चार हजार ४८५ जना निको भएका छन् । त्यस्तै १०६ जना संक्रमितको मृत्यु भएको छ । जारी निषेधाज्ञा र संक्रमणको अवस्थालाई अध्ययन गर्ने हो भने जिल्लामा संक्रमणको जोखिम कायमै छ। नागरिकस्तरमा स्वास्थ्य सुरक्षाका सामाग्रिको प्रयोग तथा मापदण्ड पालनामा लापरवाही हुँदा कतै संक्रमणको ग्राफ बढ्दै जाने त होइन भन्ने जोखिम पनि बढेको छ । निषेधाज्ञा खुकुलो बनेपनि कोरोना संक्रमण जोखिम नघटेको हुँदा सबै सचेत र सावधानि बन्नुको विकल्प छैन । सचेत र जिम्मेवार नागरिकको दायित्व पुरा गरी स्वास्थ्य सुरक्षाका मापदण्डलाई पालना गरी कोरोना संक्रमणबाट आफु अनि अरूलाई बचाऔ र स्वास्थ्य समाज निर्माण गरौं ।

# जलवायु परिवर्तन, पानी संकट र राजनीति



**धर्तीको स्वास्थ्य ठीक गर्ने तत्व भनेको पानी, रूख र यहाँको जैविक विविधता होइन र ? यी प्राकृतिक र पर्यावरणीय तत्वहरूको विकल्प छैन । अनि जुन चिजको विकल्प छैन, त्यसलाई मास्नु भनेको आफैंलाई मास्नुसरह भएन ?**

**— श्रवण शर्मा —**

भारतीय पत्रकारले त्यहाँका एक नेताजीलाई अन्तरवार्ताको शुरूमै सोधेछन्, 'आम आदमीके सवाल पे आपका क्या ख्याल हैं नेताजी !' नेताजीले पत्रकारतिर हेर्दै भनेछन् 'देखिए, अब तो अक्टुबर शुरू हो चुका हैं, जून मे वात करें भाइ आम आदमी के सवाल में' उनको उत्तरको तात्पर्य थियो आँप सिद्धिएको महीनामा आँप बेच्ने मान्छेका विषयमा के सवाल जवाफ गर्ने? यसमा ती नेताजीको विल्कुल दोष छैन, आम आद्मीलाई आँप बेच्ने मान्छे सम्झने ज्ञान भएको व्यक्तिलाई राजनीतिको त्यो स्थान दिलाउने मतदाता, प्रथा र व्यवस्था सबै समान रूपमा दोषी छन् । मेलम्चीबाट पानी नआउने भयो नेताजी ! कसैले नेपालका नेताहरूलाई सोध्यो भने आकाशबाट पानी परिरहेको समयमा मेलम्चीको के कुरा गर्नु भन्लान्, शायद । यही प्रश्न पुन: खडेरीको समयमा कसैले सोध्यो भने महाखडेरीको सिजनमा पानीको के कुरा गर्नु पछि असारमा गरौं भन्ने हुन् कि ?

मान्छे आत्तिएको वा अत्यन्त ठूलो संकट र मृत्यु सम्मुखको अवस्थामा कि 'आमा' कि 'पानी' भन्छ । अरबौं सम्पत्तिका मालिकहरु पनि जीवनको अन्तिम घडी-पलामा चम्चाबाट पानीको थोपा निल्न बल गरिरहेका हामी सबैले देखेका छौं । पानी कति महत्वपूर्ण छ भन्ने कुराको दृष्टान्त हो, यो । मान्छेको बाँच्ने जिजीविषा पानीका लागि मृत्युशय्याबाट गरिने आग्रहले प्रमाणित गर्दछ । यो कुनै भावनात्मक, भावावेश र आवेगप्रेरित टिप्पणी होइन । जीवनको नियति, जीवनका लागि महत्वहरुको प्राथमिकताहरूमध्येको सबभन्दा प्राथमिक तत्वको



सम्पुष्टि हो । प्राकृतिक विपत्तिले मेलम्ची गयो। सिन्धुपाल्चोकबाट प्रतिनिधिसभामा प्रतिनिधित्व गर्ने सांसद शेरबहादुर तामाङ जलवायु परिवर्तनको दृश्य घटना ठान्छन् मेलम्चीमाथि आएको बाढीपहिरो र प्राकृतिक विपत्तिलाई । उनको जलवायु परिवर्तनबाट नागरिक जोगाउने चासो हुटहुटीमा परिवर्तन भएको बोध कमसेकम पनि मलाई चैं छ ।

प्राकृतिक कारणले संसारमा धेरै भौतिक पूर्वाधारहरु नाश भएका उदाहरण प्रशस्त छन् । तर ती पूर्वाधारबाट सेवा लिइरहेका नागरिकहरूलाई वैकल्पिक व्यवस्थाका लागि सरकारहरु सक्रिय हुन्छन् । नागरिकहरु प्रश्न उठाउँछन्, विधायकहरु जनचासोलाई संसदमा उजागर गर्छन् । प्राकृतिक विपत्तिले मेलम्ची त गयो गयो, तर दीर्घकालीन रूपमा पानी आपूर्ति गर्ने स्रोत र माध्यम के हुन सक्छ ? सरकार, राजनीतिक दल, नागरिक र प्राविधिकहरूको ध्यान यता जानु पर्दैन र ? आक्रामक राजनीति र संगठनहरूलाई सक्रिय संचालन गर्ने नेपालका राजनीतिक दलहरूको ध्यान पनि तानिनुपर्ने हो यसमा । प्रतिनिधिसभा र राष्ट्रिय सभाका माननीय सांसदहरूले सरकारलाई निरन्तर सोध्नुपर्ने हो मेलम्चीमा भएको के हो ? मेलम्चीले अब आउने दिनमा काठमाडौंलाई पानी आपूर्ति गर्न सक्छ सक्दैन? सक्छ भने कहिलेसम्म मेलम्ची मर्मत हुन्छ ? सक्दैन भने राजधानीका लागि पानीको वैकल्पिक व्यवस्था के हुन सक्नेछ ? कछाड बेरेर लिगलिग कोटको राजा हुने दौडमा निस्किएको राजनीतिको दोस्रो पुस्ता पनि मेलम्चीको पानीका विषयमा बोल्दैन, यहाँ राजनीति गर्नु भनेको के हो ? संसारमा राजनीतिका इस्युहरूमा व्यापक परिवर्तन आइरहेको छ ।

पानी, खाद्य वस्तुको उत्पादन, जलवायु परिवर्तन, हावा र पानीको प्रदूषण नियन्त्रण, प्राकृतिक अक्सिजनको आपूर्ति, मानव मात्र नभएर समग्र प्राणीहरूको स्वास्थ्य जीवनचक्र र प्रकृतिको नैसर्गिक जीवनचक्र संचालनमा मानवीय संवेदनशीलता, पृथ्वीको तापमान नियन्त्रण जस्ता विषयमा पो संसारका सरकारहरु महत्व दिइरहेका छन् । नेपालको राजनीतिमा यी विषयवस्तु एजेण्डाका रूपमा आउने कहिले? जर्मनी जस्तो अत्यन्त सम्पन्न देशका चान्सलर एन्जेला मर्केलले अबको चुनौती नै जलवायु परिवर्तन र त्यसले पार्ने प्रभाव हो भनेकी छिन्।

नेपाली नागरिकले पुराण सुनेका र पढेका छन् । धर्मनिरपेक्षताको राजनीतिक वैचारिकीका अभियन्ताहरु पनि आमाका काखमा बसेर प्रकृति पूजा, पुराण, हिन्दू शास्त्रीय श्लोक र धार्मिक कहानी सुनेरै आजको अवस्थामा आइपुगेका हुन् । पौराणिक कालमा महाऋषि शुक्रले दिव्य १२ हजार वर्ष तपस्या गरेपछि शिवजीको वरदान पाएका थिए । आफूप्रति नेताहरूको दयाभाव पलाउनका लागि नेपालीजनले कति वर्ष तपस्या गर्नुपर्ने हो । आश गरेको नै ३२ वर्ष नाघिसक्यो । अरु कति वर्षको तपस्यापछि नेता नामका ब्रम्हाजीहरूले नागरिक नामका मर्त्यलोकका दीन-दु:खीहरूप्रति नजर फर्काउने हुन् ?

काठमाडौंमा दिनको ४१ करोड ५० लाख लिटर पानी आवश्यकता छ । मेलम्चीले १७ करोड लिटर आपूर्ति गर्ने आकलन थियो । अब मेलम्ची 'लंकामा सुन छ कान मेरो बुच्चै' हुन पुग्यो । मेलम्ची गएपछि काठमाडौंका मानिस कहाँको पानी प्रयोग गर्ने हुन् ? काठमाडौंबाट लगभग दिनको सात करोड लिटर पानी उत्पादन हुन्छ। काठमाडौं वरिपरिका डाँडाहरूबाट आउने पानी र भूमिगत पानीबाट आउने यति हो । चालीसको दशकमा मातातीर्थको धारामा जति पानी थियो अहिले त्यति छ ? म मातातीर्थ वरिपरिका 'विकास'प्रेमी मानिसलाई सोध्न चाहन्छु ।

काठमाडौंमा (बनेपा र धुलिखेल पनि) स्थायी बसोबास गर्ने जनसंख्या ३० लाखको हाराहारी छ । अनुमानित तर अप्रमाणित तथ्यांक अनुसार झण्डै १५ लाख मानिस यहाँ अस्थायी बसोबास गर्दछन् । आन्तरिक र बाह्य पर्यटकहरु पनि गणना गर्ने हो भने काठमाडौंमा दिनको ५० लाख मानिसले पानीको उपभोग गर्दछन् । ९ करोड लिटर पानी उत्पादन हुन्छ भन्ने सरकारी तथ्यांक देखिए पनि काठमाडौंबाट दैनिक ६ देखि सात करोड लिटर मात्रै पानी उत्पादन हुन्छ। पचास लाख जनसंख्यालाई भाग लगाउँदा एक जनालाई सरदरमा दिनको १४ लिटर पर्न आउने रहेछ । यो पनि समानुपातिक र न्यायिक वितरण भएको अवस्थामा। काठमाडौंमा पानीको न्यायिक वा समानुपातिक वितरण कम्तीमा पनि आजका दिनसम्म कल्पना गर्न सकिने कुरा होइन । पेट, मुटु वा मिर्गौलाका डाक्टरहरूले कम्तीमा पनि दिनको तीन लिटर पानी पिउने सल्लाह दिइरहेका हुन्छन् । अब एक जनालाई ११ लिटर पानी बाँकी रह्यो। कोभिडका कारण सरकारले दिनको कैयौं पटक अर्थात् कुनै चिज छुने वित्तिकै हात धुन प्रेरित गरिरहेको छ । जनताले पनि हात धुनुपर्ने रहेछ भन्ने सिकेका छन् । एक पटक हात धुन आधा लिटर नै लाग्यो भने पनि दिनमा कम्तीमा १० पटक हात धोयो भने पाँच लिटर पानी सकियो, अब ६ लिटर बाँकी रह्यो । बाँकी ६ लिटरले ट्वाइलेटजन्य प्रयोग, मुख धुन लगायतमा पाँच लिटर प्रयोग गरियो भने अब जम्मा एक लिटर पानी बाँकी रह्यो । खाना पकाउन पनि त पानी चाहियो ।

सरकार, सामाजिक संजाल र संचारमाध्यमहरूले फलफूल तथा तरकारी राम्ररी धोइपखाली गरेर खान सन्देश दिइरहेका छन् । नागरिक पनि सरकार र सामाजिक दुनियाँका यी सुझावहरूलाई मनन गरिरहेका पाइन्छन् । अब यसका लागि कति लिटर पानी चाहिएला बाँकी रहेको एक लिटरले तरकारी पखाल्न, खाना पकाउन, लुगा धुन र नुहाउन पुग्छ ? जंगबहादुरको बेलायत यात्राको समयमा फ्रान्सका अखबारहरूले लेखेका छन्, महाराज र उनको भ्रमण टोलीका सदस्यहरु ननुहाई खाना खाँदैनन्, तर एक लिटर पानीले पूरै जीउ नुहाउँछन् भनेर लेखेका थिए, कि आज पनि हामी नेपाली फ्रान्सका अखबारले भने जस्तै छौं कि ? पानीको संभावित हाहाकारको यो सूचना मानिसलाई तर्साउन होइन । हामीले मत दिएर सरकार बनाउन पठाएका दल (विपक्षीहरु समेत किनभने विपक्षी नेता र विपक्षी दलका सांसदहरूले पनि राज्यबाट सेवा सुविधा प्राप्त गरिरहेका छन्, उनीहरु

बाँकी तेश्रो पेजमा

इ.नं. १४३/०७३/७४ ला.नं. ६२/०७४/७५ जि.प्र.का.द.नं. २९२१/०७३/७४ पान नं. ६०५६१८१२७
छिम्केश्वरी सामुदायिक विकास तथा सञ्चार केन्द्र तनहुँ द्वारा सञ्चालित
फोन नं. ०६५-५८०४००
रेडियो छिम्केश्वरी
१०६.२ मेगाहर्ज
स्टुडियो: बन्दिपुर-१, चिसापानी डुम्रे, तनहुँ
प्रशारण केन्द्र: भानु-१, नयाँबस्ती, तनहुँ
Gmail: radiochhimkeshwori@gmail.com
Web: www.radiochhimkeshwori.com.np

ला.नं. ६९/०७५/७६ इ.नं. १०१३/०७४/७५ पान नं. ६०६८७३११०
छिम्केश्वरी मिडिया हाउसद्वारा सञ्चालित
POWER FM 95.6 Get Set Power!
Power fm
95.6 MHz
स्टुडियो: बन्दिपुर-१, चिसापानी डुम्रे, तनहुँ
प्रशारण केन्द्र: बन्दिपुर-४, शिलथोक, तनहुँ
फोन नं. ०६५-५८०५००
Gmail: powerfm95.6@gmail.com
Web: www.powerfm.com.np

## तनहुँ जिल्लाका महत्वपूर्ण टेलिफोन

| | |
|---|---|
| जिल्ला प्रशासन कार्यालय - ५६०१३३ | एम्वुलेन्स व्यास न. हस्पिटल : ९८४६१३१०२६ |
| जिल्ला समन्वय समिति - ५६०१७४ | थर्पु हे.पो. एम्बुलेन्स - ९८४६४०२९९४ |
| जिल्ला प्रहरी कार्यालय -५६०१९९/१०० | एम्बुलेन्स, आँवुखैरेनी - ९८४६७४६२२२, |
| व्यास नगरपालिका, दमौली - ५६०२३३ | आँवु इमरजेन्सि एम्बुलेन्स ९८४६७४६२४४ |
| नेपाल रेडक्रस सोसाइटी - ५६०१६९ | नेपाल विद्युत प्राधिकरण(मर्मत)- ५६०१७६ |
| दमौली अस्पताल, दमौली - ५६०२०३ | नेपाल विद्युत प्रा.(सव स्टेशन) - ५६०१९२ |
| रत्नहरी मे. अस्पताल,दमौली, - ५६०१०२ | एम्वुलेन्स युवा क्लव भिमाद ९८१६११८१०० |
| नेशनल एपोलो हस्पिटल - ५६१८११ | टिकट काउण्टर (माइक्रो), ५६०९०६ |
| एपोलो एम्बुलेन्स ९८४६४३५६११ | नेपाली कांग्रेस तनहुँ - ५६०३७५ |
| लक्ष्मी अस्पताल, डुम्रे - ५८०००७ | नेकपा तनहुँ - ५६०१३४ |
| जीपी कोइराला रा.स्व.प्र.उ.के. ५७०४५५ | आ.क.भा.भ.क्याम्पस, दमौली - ५६००९६ |
| व्यास नगर हस्पिटल : ५६१८१२ | भानुभक्त क्याम्पस, खैरेनीटार- ५७०२४० |

## तपाईको आज

**मेष** (चु,चे,चो,ला,लि,लु,ले,लो,अ)
यात्रा अलि कष्टपूर्ण हुनेछ । गलत व्यक्तिको विश्वास गर्नाले धोका हुन सक्छ ।

**वृष** (इ,उ,ए,ओ,वा,वी,वू,बे,बो)
सानो कामले पनि राम्रो आम्दानी दिलाउनेछ । व्यापारमा राम्रै फड्को मार्ने समय छ ।

**मिथुन** (का,की,कू,घ,ङ,छ,के,को,हा)
छिटो फल प्राप्त गर्ने आकांक्षाले समस्या निम्त्याउनेछ । अरूका लागि बुद्धि र श्रम खर्चनुपर्ला ।

**कर्कट** (हि,हु,हे,हो,डा,डि,डु,डे,डो)
आत्तिने बानीले बोलीको गलत अर्थ लाग्न सक्छ । अरूको मुख ताक्ने बानीले काम अधुरो रहनेछ।

**सिंह** (मा,मो,मु,मे,मो,टा,टी,टु,टे)
तारिफयोग्य काम गर्दै नाम र दाम कमाउने समय छ। सामाजिक कार्यले हौसला प्रदान गर्नेछ ।

**कन्या** (टो,पा,पी,पू,ष,ण,ठ,पे,पो)
हाँसखेल र मनोरञ्जनको समय छ । प्रियजनसँगको भेटघाटले दिन रमाइलो रहनेछ ।

**तुला** (रा,री,रू,रे,रो,ता,ती,तु,ते)
पहिलेका सम्झौता तोड्नुपर्ने परिस्थिति आउन सक्छ । अरूको भरले मात्र काम पूरा नहुन सक्छ।

**वृश्चिक** (नो,ना,नी,नु,ने,नो,या,यी,यू)
मिहिनेतले केही काम गर्न सकिनेछ। आगन्तुकले व्यर्थैमा अलमल्याउन सक्छन् ।

**धनु** (ये,यो,भा,भि,भु,धा,फा,ढ,भ)
आफ्ना विषयमा पनि अरूले दाबी गर्न सक्छन् । लगनशीलताले मात्र संकल्प पूरा गर्न सकिनेछ ।

**मकर** (भो,जा,जी,खी,खु,खे,खो,गा,गी)
पराक्रमद्वारा अधिकार स्थापित गर्न सकिनेछ । चुनौती चिर्दै काम बनाउन सकिनेछ ।

**कुम्भ** (गु,गा,गो,सा,सी,सू,से,सो,दा)
प्रयत्न गर्दा राम्रै अवसर जुट्नेछ। साथीभाइले पनि राम्रै सहयोग जुटाउनेछन् ।

**मीन** (दि,दु,थ,झ,ञ,दे,दो,चा,ची)
अवसरका लागि केही दौडधुप गर्नुपर्नेछ। आकस्मिक खर्च बढ्नाले अर्थ अभाव देखापर्न सक्छ ।

# जलवायु परिवर्तन, पानी संकट ..........

पनि सत्ता नै हुन्) र तिनको सरकारलाई झक्झक्याउन हो । हाहाकार हुनुपूर्व व्यवस्थापन विधि, प्रक्रिया र योजना तय गर भनेर दिइएको सल्लाह हो । अनि नागरिकहरु स्वयम्लाई कि त अझै लामो समय तपस्या गर्न तयार होऊ या त विकल्प सोच्न थाल भन्ने चेतावनी पनि हो । विकल्प पानीको पनि र व्यवस्थापनको जिम्मा लिनेहरुको पनि हो ।

जहाज चढेर आएको सिंगापुर र बैंकक्को पानी पिइरहेको गणतान्त्रिक राजनीतिको नवसम्भ्रान्त वर्गसँग नागरिकहरुको पानी याचना कति प्रभावकारी हुन्छ ? दोस्रो दर्जाका राजनीतिक सम्भ्रान्तहरु लाङटाङ हिमालको पानी काठमाडौंमा पिइरहेका छन् । तिनका केही सय कार्यकर्ताहरु अक्वा हन्ड्रेड प्रयोग गर्ने गर्छन् । यिनीहरुको पाइतालालाई आफ्ना काँधमा बोकिरहेको नेपाली नागरिक गण तिर्खाले घाँटी सुकेर तालुमा जिब्रो टाँसिएको दुःख कति दिन सहन सक्छन् ? सक्यो भने बेलायती सेनामा नेपाली गोरखाहरुको वीरतापछि, यो अर्को एक वीरगाथा हुनेछ नेपालको । यो लेख अलि पछि लेखे पनि हुन्थ्यो। तर बेलैमा कसैका कानमा बतास लागिहाल्छ कि भन्ने आग्रह पालेर अहिले नै लेखिएको हो ।

नेपाल सरकार र राजधानीवासीहरु पनि काठमाडौंको भूमिगत पानीप्रति आँखा लगाइरहेका छन् । पुनःभरण (रिचार्ज) प्रणाली समाप्त भइसकेको राजधानी काठमाडौंमा भूमिगत पानी कति नै छ र ? फेरि काठमाडौंको जमीनमुनिको पानी तल झन् तल गइरहेको छ । मनसुन पूर्व मे महिनामा जमीनमुनिको पानी धेरै तल गएको अध्ययनहरुको प्रतिवेदन छ । मनसुन पछि आकाशे पानीले भिजेको जमीनका कारण जमीनमुनिको पानीको तह माथि आउने भए पनि सुक्खा सिजनमा जमीनमुनिको पानीको तह धेरै तल जाने गरेको पाइएको छ । अझ मनपरी ढंगको भूमिगत पानी दोहनका कारण काठमाडौंको जमीनको सतह भासिन शुरु भइसकेको छ । काठमाडौंको भूमिगत पानीको पुनर्भरण गर्ने काठमाडौं वरिपरिका डाँडा र जंगलबाट आउने पानीका स्रोत मासिइसकेका छन् । अब कहाँबाट आउने पानीले पुनर्भरण गर्दछ भूमिगत पानी ? भूमिगत पानी भनेको एटीएम हो, पैसा बचत गर्नु भो भने निस्कन्छ, नत्र पैसा सकिएका दिन त तपाइँलाई जतिसुकै आवश्यकता परे पनि एटीएमले पैसा दिँदैन । भूमिगत पानी द्याक्कै यस्तै हो । पुनःभरण गर्नुहुन्छ आउँछ, गर्नुहुन्न आउँदैन ।

जमीनमुनिको पानी ज्यादा दोहन गरियो भने जमीनको शुष्कपन वृद्धि हुन्छ । शुष्क जमीनले हावामा भएको पानी ज्यादा सोस्ने काम गर्दछ । यसले हावाको सुख्खापन बढाउँछ । हावाको सुख्खापनले मानिसमा श्वास–प्रश्वास, ब्रोंकाइटिस, दम, खोकी, रक्तचाप जस्ता बिमार बढ्न जान्छन्। त्यसैगरी, घाँटी बस्ने, आँखा चिलाउने, पाक्ने, छाला सुक्खा हुने, नाथ्री फुट्ने र तनाव ज्यादा बढ्ने हुन सक्छ । हावामा ओस (चिसोपन) कम हुने हो भने वायुमण्डलमा धूलोको मात्रा झन् ज्यादा हुन्छ । कोभिडले आक्रमण गरेको मानिसको फोक्सोलाई धूलोले असर त पार्छ नै साथै जाडोमा हावामा अक्सिजनको मात्रा कम हुनु, पानी कम हुनु, हावा ज्यादा सुक्खा हुनु मानव स्वास्थ्यका लागि झन् हानिकारक अवस्था हुन्छ । जमीनमुनिको पानीको तह खोलाको तहभन्दा तल गयो भने खोलाको पानी जमीनले लिने गर्दछ। जब खोलाको पानी जमीनले लिएर तल लैजान्छ खोलामा पानीको मात्रा स्वाट्टै घटेर जान्छ । पर्यावरणीय शास्त्र अनुसार, खोलाको पानी स्वाट्टै घट्नु र मानिसको शरीरमा रगत स्वाट्टै घट्नु समान समस्या हुन् । मानिसको शरीरमा रगत घट्नुले ऊ स्वयं बिरामी पर्दछ, खोलाको पानी घट्नुले प्रकृति र पर्यावरणमा आश्रित सारा प्राणी र वनस्पति जगत बिरामी हुन्छन् ।

मानिस जतिसुकै विकासवादी वा खरबपति भए पनि पिउन त पानी नै पिउँछ । अनि मानिस जतिसुकै सम्पन्न होस् डलर, हीरामोती वा सुनसँग त सुत्दैन, माच्छेसँग नै सुत्छ। माच्छेलाई नै छेउमा राखेर खाना खान्छ । खान त खाद्य वस्तु नै खान्छ। अक्सिजनबाट नै सास फेर्छ। कुनै विकास कार्य थाल्नुभन्दा पाँच वर्ष पहिले नै रुख ढालिहाल्ने जुन विध्वंशकारी विकासको भाष्य तयार भएको छ, यो मानव सभ्यता र मानव स्वास्थ्यका लागि हानिकारक सिद्ध छ । विकास गर्नुहुँदैन भनेको होइन। प्रकृतिको नियमित जीवनचक्रलाई विश्रृंखलित पार्नुहुँदैन भनेको हो । किनकि मानिसलाई बचाउने आधार प्रकृतिसँग मात्र छ। कुनै पनि मेडिकल डाक्टरले कुनै बिरामीलाई तपाईं औषधि मात्र खानुस् त भन्दै भन्दैन, भनेकै छैन । औषधि पनि खानुस् हरियो साग, फलफूल, तरकारी प्रशस्त खानुस्, प्रशस्त पानी पिउनुस् तपाईंलाई ठीक हुन्छ भन्छ । अनि तपाईंले अत्यन्त विश्वास गरेको पारिवारिक डाक्टरले दिएको सल्लाह अनुसारका यी प्राकृतिक चिजहरु कहाँबाट आउँछन् ? यही धर्तीबाट होइन? अनि धर्तीको स्वास्थ्य ठीक गर्ने तत्व भनेको पानी, रुख र यहाँको जैविक विविधता होइन र? यी प्राकृतिक र पर्यावरणीय तत्वहरुको विकल्प छैन। अनि जुन चिजको विकल्प छैन, त्यसलाई मास्नु भनेको आफैंलाई मास्नुसरह भएन ?

प्राणी जीवन प्रकृतिको चक्र अनुसार चल्छ । मानव पनि एक प्राकृतिक तत्व भएको हुनाले प्राकृतिक संचालन विधि अनुसार यसको प्रक्रिया संचालित छ । मुटु, फोक्सो, कलेजो र मिर्गौला सबैको फरकफरक प्राकृतिक भूमिका छ। यी सबैलाई पानी चाहिन्छ । मुटुले रक्त संचालन गर्ने प्रक्रिया नदी ताल र समुद्रको पानी वाष्पीकरणको प्रक्रियाबाट फेरि पानी परेको नियमसँग तुलना गर्न सकिन्छ । कलेजोले रगत छानेको कुरा रुखले वायुमण्डलको वायुलाई सफा गरेको भन्न सकिन्छ, किड्नीले शरीरका अनावश्यक तत्व पिसाब मार्फत बाहिर फ्याँके जसरी नै पानीले पर्यावरणका फोहोरलाई पखाल्छ। फोक्सोले वायुमण्डलको सबै वायुलाई लिएर आवश्यक अक्सिजन उत्पादन गरी शरीरलाई प्रदान गर्दछ । सरल छैनन् र यी विषय? रुख, वनस्पति र हरियाली प्रकृतिको नैसर्गिक चक्र कायम राख्न सबैभन्दा ठूलो योगदान गर्ने तत्व हुन्। अमेरिकामा अन्तरप्रदेश जोड्ने नयाँ सडकहरुको योजना बनाउन थालिएको समयमा २०१७/१८ सालतिर राजा महेन्द्रले रिङरोडको योजना ल्याएका थिए । आजभन्दा झण्डै ६० वर्षअघि ल्याइएको यो सडक हरित सडक थियो। सडकका दुवैतर्फ पछिसम्म पनि लहरे पीपलका रुख थिए ।

रुखले काठमाडौं त बचाउन सक्नेथ्यो, अझै पनि सक्नेछ तर काठमाडौंले रुख बचाउन सकेन । काठमाडौंले रुख बचाउन सकेन भन्नुको अर्थ काठमाडौंमा गरिएको राजनीतिले रुख बचाउन सकेन भन्नु हो । राजनीति विध्वंशकारी हुने वा प्रकृति वनस्पति र प्राणी हितैषी हुने हो ? आजभन्दा ७७८ वर्षअघि राजा जयस्थिति मल्लले रुख काट्नेलाई तत्कालीन समयमा रू.५ जरिवाना र जेल सजाय दिने इतिहास सार्वजनिक गरेका थिए । उनको यो ज्ञानसँग आजको शासनलाई दाँज्दा कस्तो लाग्छ ? यस प्रश्नको जवाफ खोज्ने जिम्मा पाठकहरुको । जंगबहादुर राणाले पनि मल्लको यही कानूनी प्रबन्धलाई अवलम्बन गरेका हुन् ।

त्यतिबेलाको शासनमा राजा वा प्रशासनको मूल जिम्मेवारी भनेको पानीका धारा संरक्षण गर्नु र बाटाका छेउमा रुख रोप्नु वा भएका रुखबिरुवा जोगाउनु थियो । काठमाडौंको सडकका दुई किनारमा व्यवस्थित तवरले रुख लगाउने दृष्टिकोण चन्द्रशमशेरले ल्याएका थिए । पछि काठमाडौंको रिङरोडमा एक लाख हाराहारी रुख लगाइएको थियो भन्ने अनुमान छ । बिडम्बना भन्नुपर्छ चन्द्रशमशेर र महेन्द्र जति पर्यावरण सचेत पुस्ता आजको राजनीतिमा रहेन। तर वातावरण, रुख र धर्तीको तापक्रमप्रति संसार चिन्तित भइरहेको समयमा नेपाल जुन स्तर र आयाममा सचेत हुनुपर्ने हो, भएको देखिँदैन । हिन्दू धर्म स्वयम् वनस्पति, पानी र समग्रमा पर्यावरण मैत्री छ । रूद्रीमा 'स्थापत्य नमः, वृक्षाणां पतय नमः' भनिएको छ । यसको अर्थ हुन्छ 'म बसेको धर्तीलाई नमस्कार गर्दछु, म रुखलाई नमस्कार गर्दछु ।' तर हिन्दू बाबुआमाको कोखबाट जन्मिएका धर्मनिरपेक्ष छोराछोरीहरुले यी वैदिक ज्ञान आत्मसात् गरेको पाइँदैन ।

वागमती, विष्णुमती, मनहरा, हनुमन्ते, कर्मनाशा र बल्खुमा बग्ने मृत पानीले काठमाडौं उपत्यकाको सकिँदै गएको सभ्यताताई दर्शाएको छ । जसरी राजधानीका खोलाहरु मृत पानीमा रुपान्तरण भइरहेका छन्, त्यसरी नै राजधानी काठमाडौंको सभ्यता वा यहाँको ऐतिहासिकता पनि धुमिल हुँदै गइरहेको छ । शिवपुरी, चन्द्रागिरि, फुल्चोकी र जमाचो जस्ता पहाड र त्यहाँबाट निस्किएका नदी किनारामा अवस्थित काठमाडौंको संस्कृति र सभ्यतासँग पानीको गहिरो सम्बन्ध छ । सरकारको ध्यान राजधानीका लागि पानी व्यवस्थापनका वैकल्पिक माध्यम तथा स्रोतहरु खोज्नमा जानुपर्दछ । काठमाडौंको जमीनमुनिको पानी अति दोहन गर्नु भनेको काठमाडौंलाई अरु असुरक्षित पार्नु हो । जमीनमुनि पानीको तह जति तल जान्छ वा जति भूमिगत पानी सकिन्छ जमीन भासिने खतरा त्यति नै रहन्छ । भूकम्पका जोखिमहरु सम्फिएर नीति निर्माण गर्नुपर्दछ ।

सांसद तामाङले भने झैं अबको केही दशकमै नेपाल जलवायु परिवर्तनको चपेटाबाट ग्रस्त हुनेछ । यस चपेटाले सबभन्दा पहिला पानीमाथि आक्रमण गर्नेछ, पिउने पानीको ठूलो हाहाकार हुनेछ । अनि हेलम्बु वरिपरि मात्र नभएर देशका अनेकन् स्थानमा हेलम्बु र मेलम्ची विपद् पुनरावृत्ति हुने खतरा छ । उद्विकासको क्रममा पुरिएका हिमताल वा हिमनदीहरु कहाँ–कहाँ फुट्नेछन्, अनुमान गर्न कठिन छ । वस्तुनिष्ठ ज्ञान र सत्य सूचनाहरुबाट सचेत र सक्रिय नागरिकहरु मात्रै सबै किसिमका विकल्पहरुका जन्मदाता र पालक हुन् । अनलाइनबाट

(शर्मा १५ वर्षदेखि वातावरण संरक्षण र प्रकृति अधिकार सम्बन्धी क्षेत्रमा कार्यरत छन् ।)

# नयाँ सरकार गठनबारे छलफलमा तालिबानी नेता

रासस/सिन्ह्वा/काबुल

तालिबान समूहले यहाँको शासन सत्ता हातमा लिएपछि नयाँ सरकार गठनका बारेमा छलफल गरिरहेका बताइएको छ। तालिबानका संस्थापकमध्येका एक नेता मुल्लाह अब्दुल गनी बरादर नयाँ सरकार गठनको छलफलका लागि गत शनिबार नै राजधानी काबुल पुगेका बताइएको छ । अफगानिस्तानका अधिकारीलाई उद्धृत गर्दै यहाँका स्थानीय सञ्चारमाध्यमले तालिबानले नयाँ सरकार गठनका लागि आवश्यक परामर्श थालेका जनाएका छन् । गनी बरादर तालिबानका प्रभावशाली नेताका रुपमा चिनिन्छन्। उनले नै अफगानिस्तानबाट अमेरिकी सेना फिर्ता गर्ने विषयमा यसअघिको शान्ति वार्ताका क्रममा तयार गरेको सम्झौतामा हस्ताक्षर गरेका थिए ।

यति बेला विश्व समुदायले नै अफगानिस्तानमा गठन हुने तालिबानको सरकार कस्तो हुन्छ भन्ने बारेमा निकै चासो पूर्णरूपमा हेरेका छन् । उता तालिबानले भने अफगानिस्तानमा समावेशी सरकार गठन गर्ने बताइरहेका छन्। तालिबानहरूको यो भनाइप्रति भने विश्व समुदाय विश्वस्त हुनसकेको छैन । यो वाचा गरेको भए पनि यसबारे धेरैमा आशंका व्यक्त भइ आएको छ । यसैकारणले पनि जतिसक्दो चाँडै सरकार गठन गर्न तालिबान लागि परेका बताइएको छ । यतिखेर भने तालिबानले अशरफ घानीको पूर्ववर्ती सरकारसँग मिलेर सङ्कटको व्यवस्थापन गरिरहेका बताइएको छ । बरादरबाहेक कट्टरवादी धारका हक्कानी नेटवर्कका नेता खलिल हक्कानी पनि यतिबेला काबुलमा छन् । उनको नाम अमेरिका र संयुक्त राष्ट्रसंघको फरार आतङ्कवादीको सूचीमा पनि रहेको छ। अघिल्लो हप्ता अफगानिस्तानलाई तालिबानले कब्जा गरेपछि अफगानिस्तान बाहिरसमेत रहेका उच्च तालिबान नेता स्वदेश फर्किन थालेका छन् ।

तालिबानका कतिपय नेता कतारमा रहेका बताइएको थियो। उनीहरू पनि अहिले स्वदेश फर्किरहेका छन् । हाल तालिवानका चार संस्थापक नेता रहेका बताइएको छ र तीमध्येका एक जना बरादर रहेका र उनी गत शनिबार पहिला कान्दहार विमानस्थल आएर ओर्लिएका बताइएको थियो । अफगानिस्तानको कान्दहार शहरमा तालिबान धेरै रहेका छन् । तालिबानले कान्दाहारलाई आफ्नो उद्गमस्थल मान्ने गर्दछन् ।

# क्रियाशील सदस्यता ........

समयमै निर्वाचन सामग्री पुग्ने अपेक्षा गरेको र बाँकी हिमाली तथा विकट पहाडी ३६ जिल्लामा भने यातायातको केही चुनौती रहेको जनाएको छ । यसबाहेक पार्टीले अधिवेशनमा कोभिड–१९ को महामारी, बाढीपहिराको प्रकोप लगायत चुनौतीको पनि सामना गर्नुपर्ने देखिन्छ। अधिवेशनका लागि समितिले पार्टी निकट मानिने डिएलएसम्बद्ध कानून व्यवसायीहरूबाट सबै जिल्लामा निर्वाचन अधिकृत तोकिसकेको छ। निर्वाचन अधिकृतले सम्बन्धित जिल्लाका पार्टी सभापति र शिक्षक संघसँग समन्वय गरी वडास्तरमा मतदान अधिकृत तोक्ने संयोजक यादवले बताउनुभयो ।

कांग्रेसले पार्टीमा पूर्ण लोकतान्त्रिक अभ्यासका लागि विधानमा संशोधन गरी टोल, वडा, गाउँपालिका/नगरपालिका, प्रदेशसभा निर्वाचन क्षेत्र, प्रतिनिधिसभा निर्वाचन क्षेत्र, जिल्ला कार्यसमिति, प्रदेश कार्यसमिति र केन्द्रीय कार्यसमितिको तहगत व्यवस्था गरेको छ । नयाँ विधान अनुसार कांग्रेस केन्द्रीय कार्यसमिति एक सभापति, दुई उपसभापति, दुई महामन्त्री, आठ सहमहामन्त्री, एक कोषाध्यक्ष र बाँकी सदस्य गरी कुल १६८ सदस्यीय हुनेछ ।

गत साउन ३० गतेको कांग्रेस केन्द्रीय कार्यसमिति बैठकले पार्टीको १४औं महाधिवेशनका लागि गाउँ/नगर/उपमहानगर र महानगरपालिकाको कार्यसमितिको सभापतिको उम्मेदवार क्षेत्रीय प्रतिनिधिबाट हुन पाउने, सभापति बाहेकको कार्यसमितिका पदाधिकारी र सदस्यको उम्मेदवार क्रियाशील सदस्य पनि हुन सक्ने र गाउँ/नगर/उपमहानगर/महानगरपालिका कार्यसमितिमा मतदाता वडा सभापति र क्षेत्रीय प्रतिनिधि हुने व्यवस्था गरेको छ।

साउन ३० गतेकै केन्द्रीय समिति बैठकले पारित गरेको संशोधित कार्यतालिकाअनुसार कांग्रेसको गाउँ/नगर वडा अधिवेशन यही भदौ १८ गते, गाउँ/नगरपालिका अधिवेशन भदौ २७ गते, प्रदेशसभा क्षेत्रीय अधिवेशन आगामी असोज १ गते, प्रतिनिधिसभा क्षेत्रीय अधिवेशन/एकमात्र प्रतिनिधिसभा निर्वाचन क्षेत्र भएको जिल्ला अधिवेशन असोज ५ गते हुनेछ । यसैगरी कांग्रेसले एकभन्दा बढी प्रतिनिधिसभा निर्वाचन क्षेत्र भएको जिल्ला अधिवेशन असोज १० गते, प्रदेश अधिवेशन कात्तिक १० देखि १२ गतेसम्म र केन्द्रीय महाधिवेशन आगामी मङ्सिर ९ देखि १३ गतेसम्म तय गरेको छ । रासस

तपाईको सेवामा हामी हाजिर छौं
प्रो. राम शाह    प्रो. विभा शाह
सिद्धार्थ भेट फर्मा/विभा सप्लायर्स
व्यास-२ बागबजार, दमौली
हाम्रा सेवाहरू : पशुपंक्षिको औषधी तथा भ्याक्सिन, दाना, चल्ला पाउनुका साथै प्राविधिक सल्लाह दिइन्छ ।
सम्पर्क नं.: ९८५६०१५४००, ९८५५०१५४००, ९८०४२९६८३३
हाम्रा सेवाहरू : कुखुराको चल्ला, दाना, गाईभैसी, बाखा, माछाको दाना पाउनुका साथै प्राविधिक सल्लाह उपलब्ध गराइन्छ ।
सम्पर्क नं.: ९८४५१४५३६३

स्वास्थ्य परीक्षण सम्बन्धी सूचना !
भाद्र १२ गते शनिबार
१) पोखरा मणिपाल अस्पतालका वरिष्ठ स्तन, स्त्री तथा प्रसुती रोग विशेषज्ञ **डा. अन्जली सुबेदी**द्वारा स्वास्थ्य परीक्षण ।
भाद्र १९ गते शनिबार
१) काठमाडौं अल्का अस्पतालका वरिष्ठ बाथरोग विशेषज्ञ **डा. अभिलाषा शाह**द्वारा स्वास्थ्य परीक्षण ।
२) पोखरा मेट्रोसिटी अस्पतालका वरिष्ठ नाक, कान र घाटीरोग विशेषज्ञ **डा. निरज केसी**द्वारा स्वास्थ्य परीक्षण ।
भाद्र २६ गते शनिबार
१) पोखरा फेवासिटी अस्पतालका वरिष्ठ यौन, छाला तथा कुष्ठरोग विशेषज्ञ **डा. बिनम्र बस्नेत**द्वारा स्वास्थ्य परीक्षण ।
२) पोखरा फेवासिटी अस्पतालका वरिष्ठ स्नायु, नशा, मानसिक तथा लागुऔषध रोग विशेषज्ञ **डा. जय बहादुर खत्री**द्वारा स्वास्थ्य परीक्षण
हाम्रा उपलब्ध सेवाहरू :
१) **डा. हेमन्त श्रेष्ठ**द्वारा दैनिक बिरामी जाँच ।
२) आधुनिक प्रयोगशाला द्वारा रगत, दिशा, पिसाबको परिक्षण ।
३) भिडियो एक्सरे सेवा ।
४) प्रत्येक हप्ता शनिबार विशेषज्ञ सेवा ।
५) ई.सि.जी सेवा ।
६) ड्रेसिङ्, सुचरिङ् र प्लास्टर सेवा ।
७) गुणस्तरीय फार्मेसी सेवा ।
नोट : फोनबाट पनि नाम टिपाउन सक्नुहुनेछ ।
मिर्लुङ्ग पोलिक्लिनिक प्रा.लि.
व्यास-२, दमौली तनहुँ। फोनः ०६५-५६४५७८, ९८४६०६२४६५, ९८४६७७०४७२

हाम्रा सेवाहरू : अण्डा, चल्ला, दाना आदि पाइन्छ
प्रो. मान बहादुर श्रेष्ठ



दियालो स्टोर्स एण्ड अण्डा सप्लायर्स
व्यास-४, बागबजार, दमौली, तनहुँ ।
फोन : ०६५-५६४२८२, ९८५६०६०२६१, ९८४६०९१२६२

Dr. Sanjeev Adhikari
दृष्टि रोग विशेषज्ञ
Damauli Eye Care Center Pvt. Ltd.
Vyas-2, Ganeshman Chowk, Damauli, Tanahun
Mbl no : 9841969007, 9846140073
हाम्रा सेवाहरू :
१. आधुनिक प्रविधिद्वारा आँखा परिक्षण
२. मोतिया बिन्दुको जाँच तथा उपचार
३. आँखा धमिलो हुने, आँखा पाकेको, मासु पलाएको, आँखाबाट आँसु बगिरहने रोगहरूको उपचार
४. डेढो आँखाको विशेष जाँच तथा उपचार
५. जलबिन्दुको जाँच तथा उपचार
६. मधुमेह तथा उच्च रक्तचाप भएका व्यक्तिहरूको विशेष आँखा परिक्षण
७. सबै किसिमको Contact Lens को सुविधा
८. कृत्रिम आँखा राखिने
९. अल्छि आँखाको भिजन थेरापी गराईने
१०. कम्प्युटर चलाउँदा लगाउने चस्मा उपलब्ध
११. Progressive चस्मा उपलब्ध
नोट : ५ वर्ष मुनिका तथा ७० वर्ष माथिका वृद्धवृद्धालाई निःशुल्क आँखा परिक्षण गराइन्छ

किसान भेटेरिनरी सप्लायर्स
व्यास-२, मिनराज कम्प्लेक्स, भोर्लेटारचोक (शहिद गेट)
सम्पर्क : ९८५६०१०६२२, ९८४६०८७२६३, ९८४८४७७५७६
हाम्रा सेवाहरू
- पशुपंक्षीका लागि भ्याक्सिन तथा औषधी
- गाईभैसी, बंगुर, माछा, बाखाको दाना/चोक्कर
- घर-घरमा पशुसेवा तथा परामर्श सेवा
- कुकुरका लागि आवश्यक पर्ने सम्पूर्ण सामाग्रीहरू ।

साबुन पानीले मिचिमिचि हात धुने बानीको विकास गरौं ।

जि.का.कास्की द.नं. ११/२०३९/०४०,
जि.प्र.का. तनहुँको स्वीकृत मितिः २०५९/०३/२४, त.जि.हु.द.नं. १०, ०६३/६४




**मास छर्ने तयारी गर्दै कृषक :** तनहुँको घिरिङ गाउँपालिका-४ गड्यौलीटारका कृषक मास छर्न बारी जोत्दै । यहाँका अधिकांश कृषक मकैबाली भित्र्याए लगतै मास खेती गर्ने गर्छन । *तस्विर : भञ्ज्याङ*

# औषधिजन्य बिरूवा खेतीको विस्तार

**भञ्ज्याङ समाचारदाता**/तनहुँ

तनहुँमा व्यावसायिक रूपमा औषधिजन्य बिरूवा खेतीको विस्तार भइरहेको छ । चार दशकअघि व्यास नगरपालिका-५ स्थित पाटन क्षेत्रबाट शुरू भएको औषधिजन्य बिरूवा खेती विगत दश वर्षयता जिल्लाको दुले र मादी नदी किनार आसपास हुँदै पर्वत जिल्लाको जलजले गाउँपालिका क्षेत्रसम्म विस्तार भएको छ ।

व्यास नगरपालिका-५ पाटनका ८६ वर्षीय केबी गुरूङले जागीर छोडेर २०३६ सालदेखि जडीबुटी बिरूवाको व्यावसायिक उत्पादन सुरू गर्नुभयो । उहाँले अहिले तनहुँ लगायत पर्वत जिल्लाको जलजले गाउँपालिका-९ मा जडीबुटीका लाखौं बिरूवाको व्यावसायिक उत्पादन गर्नुभएको छ । एक दुई हजार जडीबुटीका बिरूवाबाट सुरू गर्नुभएको खेती अहिले उहाँले व्यावसायिक रूपमा करिब २० रोपनी क्षेत्रफलमा सो खेती गरिरहनुभएको छ ।

श्रीखण्ड, पाँच औले, निरमसी, जटामसी, कुटकी, सतुवा, कुट लगायतका लगाएको १६ प्रकारका बिरूवाबाट उत्पादन दिन थालेको उहाँको भनाइ छ । समुद्र सतहबाट करिब दुई हजार २०० मिटर उचाइमा आयुर्वेदिक गुणयुक्त त्यस्ता बिरूवा लगाउनुभएका उहाँले बगैंचा रेखदेखका लागि एक परिवारलाई रोजगारीसमेत दिनुभएको छ ।



गुरूङले व्यास नगरपालिका-५ स्थित पाटन क्षेत्रका दुले र मादी नदी किनार आसपासमा गरी करिब १०० रोपनी क्षेत्रफलमा विभिन्न जातका बाँसको खेती गर्नुभएको छ ।

मोटा, नियाले, धनु, लठ्ठी, कालो, पहेँलो, भगडिया, तामा खाने लगायतका २२ प्रजातिको बाँस लगाएको किसान गुरूङको भनाइ छ । भारतको कानपुरबाट बिएससी एजी गर्नुभएका गुरूङले जागीरभन्दा कृषि पेसालाई प्राथमिकता दिएर व्यावसायिक रूपमा यस क्षेत्रमा लाग्नुभएको हो । रेष्टुराँ तथा होटलमा सुन्दरताका लागि साना किसिमका बाँस र भवन निर्माणका लागि ठूला खालको बाँस खरिद गरेर लाने गरेको उहाँको भनाइ छ । एघार किसिमका बाँस प्रतिबिरूवा रू एक हजारमा बिक्री हुने गरेको उहाँले बताउनुभयो ।

उहाँका अनुसार वार्षिक रूपमा करिब रू ३० लाख मूल्य बराबरको बाँस र बाँसका बिरूवा बिक्री हुने गरेको छ । उहाँले भन्नुभयो, 'जागीर भनेर बसेको भए यति राम्रो प्रगति हुने थिएन होला ।' त्यसैगरी गुरूङले करिब १०० रोपनी क्षेत्रफलमा उगरउडका बिरूवा लगाउनुभएको छ । करिब २० वर्षअघि ५०० उगरउडका बिरूवा लगाउनुभएका गुरूङको बारीमा हाल २५० ठूला बिरूवा र करिब तीन हजार साना बिरूवा छन् । अहिले प्रतिबिरूवा रू दुई लाखसम्म खरिद गर्ने मानिस आउने गरेको उहाँको भनाइ छ । अगरउडबाट अगर निस्किन थालेपछि सुनभन्दा महँगो मूल्यमा बिक्री हुने बताइएको छ । साथै अगरउड अत्तरका लागि पनि प्रयोग गर्न सकिन्छ । त्यसैगरी अगरउड क्यान्सर, अल्सर, छालाजन्य रोग, आँखा, कान, नाकलगायतका उपचारमा लाभदायक हुने गरेको किसान गुरूङको भनाइ छ । रासस

## मास्क लगाऔं
## एक जिम्मेवार नागरिक बनौं



कोरोना महामारीले हरेक शहर, गाउँ र घरलाई कुनै न कुनै किसिमले असर पुर्याएको छ। कसैले आफ्ना परिवारजन गुमाएका छन् त कोही भने दिन रात नभनी अरुको सेवामा लागेका छन्। यस वास्तविकतालाई ध्यानमा राखी आफ्नो नागरिक दायित्व पुरा गरौं र मास्क लगाऔं।

मास्क लगाउनु भनेको रोगको फैलावट कम गरी संक्रमण दर घटाउनु त हो नै, साथसाथै यो सामाजिक शिष्टाचार देखाउनु पनि हो।

#मजिम्मेवारनेपाली




भञ्ज्याङ पब्लिकेशन प्रा.लि.
दमौली, तनहुँ । फोन : ०६५-५६०९०७, ९८५६०६०३७६
www.bhanjyangnews.com, Email : bhanjyangdml@gmail.com

## facebook twitter



**विपिन**
twitter.com/bipinsapkota213
सबैजना आ□नो कर्ममा विश्वास गर्नुपर्छ
कर्म गरेमा कुनै हानी हुदैन, सबैजना बुझ्न
र अरूलाई बुझाउन एकदम आतुर हुनुपर्छ



**बाबू बुलेट**
twitter.com/suvasbhattarai
पसिना र आशु कहिले पनि झुटो हुनै सक्दैन महोदय,
किनकी पीडा नभई आशु आउँदैन र दुःख नगरी पसिना



**मनुशी**
twitter.com/mannusii
जीवनलाई आध्यात्मिक मान मूल्यको दृष्टिकोणबाट बुझ्न र पूर्ण जीवन बाँच्न धेरै महत्वपूर्ण छ अब प्रश्न उठ्छ कि ती मूल्य र मानहरु के हुन् ? शान्ति, प्रेम, आनन्द, सौन्दर्य, ज्ञान,कुरा बुझ्ने क्षमता र चेतना जीवनलाई खुशी बनाउने मान र मूल्य हुन् जसले जीवनलाई आनन्दमय बनाउँछन् !!



**सागर**
twitter.com/GimreSgr
समय परिबर्तन सिल छ जीवन यात्रामा रहदा अनेकौ उकालि ओराली आउछन कहि कतै लडिएला पनि तर उठेर फेरि यात्रा निरन्तर गर्नु पर्छ विभिन्न बाधा अनि अवरोध साथै समस्या आउलान कतै डग्मगाउन हुन्न समस्या को हल समस्या मै पनि त पाउन सकिन्छ नि जस्तो कि रिन खोजेरै पनि त रिन तिर्न सकिन्छ नि होइन



**दिप**
twitter.com/dipbabau1
शरीर मात्र बाकी छ अब छोएर के गर्छौ
मनको दाग थियो जादैन, धोएर के गर्छौ
अहिले चितामा छ,खरानी हुने पर्खाइमा
उस्ले देख्दैन, अरू हसाउन, रोएर के गर्छौ

# सोलारबाट विद्युत् उत्पादन

**भञ्ज्याङ समाचारदाता**/दमौली

तनहुँको शुक्लागण्डकी नगरपालिका-५ बेलचौतारामा निर्माणाधीन सोलार आयोजनाबाट भदौसम्म विद्युत् उत्पादन हुने भएको छ । भदौ १५ गतेभित्र पाँच मेगावाट विद्युत् उत्पादन गर्ने गरी धमाधम काम भइरहेको आयोजनाले जनाएको छ । विसं २०७६ साउनमै निर्माण सम्पन्न भइसक्नुपर्ने आयोजना कोरोना कहरका कारण ढिलाइ भएको सोलार फार्म प्रालिका व्यवस्थापक हरिकुमार श्रेष्ठले जानकारी दिनुभयो । "सम्झौताअनुसार पहिल्यै विद्युत् उत्पादन भइसक्नुपर्ने थियो तर कोरोना कहरका कारण काममा ढिलाइ हुँदा प्रगति हुन सकेन", उहाँले भन्नुभयो, "अहिले काम लगभग अन्तिम चरणमा पुगिसकेको छ ।"

उहाँका अनुसार अहिले दैनिक ४० बढी कामदारले आयोजनाको काम गरिरहेका छन् । "६० प्रतिशत सोलार पाता हालिसकिएको छ, भदौ १५ गतेभित्र विद्युत् उत्पादन गर्ने लक्ष्यसहित काम तीव्र पारिएको छ", श्रेष्ठले भन्नुभयो । उहाँका अनुसार केही दिनदेखि परेको वर्षाका कारण पनि काम प्रभावित भएको थियो ।

आयोजनामा १३ हजार ४९४ वटा सौर्य प्यानल जडान हुनेछन्। सोलार फार्म प्रालिले तनहुँको शुक्लागण्डकी नगरपालिकास्थित भानुभक्त क्याम्पसको १०० रोपनी जग्गामा काम गरिरहेको छ। आयोजनामा बेलायतमा बसोबास गर्ने नेपालीले स्थापना गरेको 'नेपाल कर्पोरेटिभ इन्भेष्टमेन्ट समूह'ले लगानी गरेको छ। आयोजना सम्पन्न गर्न रू ६० करोड अनुमान गरिएको छ ।

नेपाल विद्युत् प्राधिकरणसँग विसं २०७५ साउनमा विद्युत् खरिद सम्झौता (पिपिए) हुँदा आयोजनाबाट विसं २०७६ साउनदेखि विद्युत् उत्पादन सुरू गर्ने तालिका थियो । सुरूमा प्रसारण सम्झौता हुँदा उत्पादन हुने विद्युत् दमौली सबस्टेशनमा जोडिने भनिएको थियो । अहिले ५०० मिटर दूरीको बेलचौतारा सबस्टेशनमा जोड्ने गरी प्राधिकरणसँग प्रसारण सम्झौता संशोधन गरिएको छ । आयोजना सम्पन्न हुँदा दैनिक ३० हजार युनिट विद्युत् उत्पादन गर्न सकिने कम्पनीले जनाएको छ । आयोजनाले उत्पादन गरेको विद्युत् प्राधिकरणले २५ वर्षसम्म प्रतियुनिट रू ७.३० मा खरिद गर्नेछ । ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयले तयार गरेको 'ग्रिड कनेक्टेड सौर्य विद्युत् विकाससम्बन्धी कार्यविधि २०७४' अनुसार प्राधिकरणसँग पिपिए गर्ने यो पहिलो सौर्य विद्युत् आयोजना हो । रासस

# कक्षा १२ को परीक्षा चाँडो सञ्चालन गर्न निर्देशन

**रासस**/काठमाडौं

प्रतिनिधिसभा, शिक्षा तथा स्वास्थ्य समितिले स्वास्थ्य मापदण्ड र भौतिक दूरी कायम गरी यथाशीघ्र 'होम सेन्टर' मा कक्षा १२ को परीक्षा सञ्चालन गर्न निर्देश गरेको छ ।

समितिको मंगलबार बसेको बैठकले परीक्षा रोकिँदा बालबालिकामा मानसिक असर गरेकाले खोपको व्यवस्थापन गर्दै परीक्षा गराउन शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयलाई निर्देश गरेको छ । समितिले कोभिडका कारण कलेजमा अरू क्रियाकलाप नभएकाले इञ्जिनीयरिङ कलेजले पढाइ शुल्कबाहेक अरू शुल्क नलिने व्यवस्था मिलाउन पनि सरकारलाई निर्देश गरेको छ ।

अरू तहका परीक्षा सञ्चालन भइरहेको अवस्थामा १२ कक्षाको मात्रै पटक-पटक स्थगित भएको भन्दै समितिले सरोकार राख्ने निकायका प्रतिनिधि बोलाएर छलफल गर्दै आएको थियो । राष्ट्रिय परीक्षा बोर्डले 'होम सेन्टर' मा नै परीक्षा गराउने तयारी गरे पनि सीसीएमसीको निर्णयका कारण स्थगित भएको थियो ।

**भञ्ज्याङ पब्लिकेशन प्रा.लि.**द्वारा प्रकाशित **भञ्ज्याङ राष्ट्रिय दैनिक** पत्रिकाको लागि **सम्पादक** : नारायण खड्का ।
**कार्यालय** : ब्यास-२, दमौली, तनहुँ । **फोनः ०६५-५६०९०७**, E-mail:- bhanjyangdml@gmail.com, Web : www.bhanjyangnews.com **मुद्रण** :- विज्ञान प्रिन्टर्स दमौली, फोन : ०६५-५६०१२४